नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२
४२२३५८०

पत्र संख्याः-२०८०/८१/१/क.प्र.
च.नं. २४८३

रामशाहपथ
काठमाडौं,नेपाल

मितिः- २०८१।०३।१७

**विषयः- अस्थायी दरबन्दी सम्बन्धमा ।**

श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा ।
श्री चि.वि.रा.प्र., वीर अस्पताल, काठमाडौं ।
श्री स्वास्थ्य सेवा विभाग, टेकु ।
श्री आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभाग, टेकु ।
श्री औषधि व्यवस्था विभाग, बिजुलीबजार, काठमाडौं ।
श्री चि.वि.रा प्र., ट्रमा सेन्टर, काठमाडौं ।
श्री चि.वि.रा.प्र., वीर अस्पताल, नर्सिङ्ग क्याम्पस, काठमाडौं ।
श्री राष्ट्रिय स्वास्थ्य शिक्षा,सूचना तथा सञ्चार केन्द्र, टेकु ।
श्री राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकु ।
श्री राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु ।
श्री राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, भक्तपुर ।
श्री राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु।
श्री नारायणी अस्पताल, विरगञ्ज, पर्सा ।
श्री स्वास्थ्य वीमा वोर्ड, बबरमहल, काठमाडौं ।
श्री भरतपुर अस्पताल, चितवन ।
श्री मानसिक अस्पताल, ललितपुर।
श्री भेरी अस्पताल,नेपालगञ्ज ।
श्री कोशी अस्पताल, विराटनगर ।
श्री डडेल्धुरा अस्पताल, डडेल्धुरा ।
श्री आयुर्वेद चिकित्सालय, नरदेवी ।
श्री परोपकार प्रसुति तथा स्त्रीरोगअस्पताल,थापाथली ।
श्री कान्ति बाल अस्पताल, महाराजगञ्ज ।
श्री किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र
श्री राष्ट्रिय औषधि प्रयोगशाला, बिजुलीबजार ।
श्री गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज ।
श्री शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु
श्री पशुपति होमियोप्याथिक चिकित्सालय, ललितपुर।
श्री गेटा अस्पताल, कैलाली ।
श्री सुशिल कोइराला क्यान्सर अस्पताल, बाँके ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संगठन विकास शाखा, सिंहदरबार, काठमाडौंको पत्र संख्या २०८०/०८१ मिति २०८१/०३/१३ च.नं. १८२ को पत्रको छाँयाप्रति यसै साथ संलग्न छ । विस्तृत बेहोरा सोही पत्रबाट अवगत गर्नु भई **"अस्थायी संगठन संरचना दरबन्दी सिर्जना र जनशक्ति व्यवस्थापन निर्देशिका, २०६४"** को व्यवस्था बमोजिम यसै आर्थिक बर्षको असार मसान्तसम्ममा अनिवार्य रुपमा स्वीकृत गराउने व्यवस्था गर्नु गराउनु हुन यस मन्त्रालयको मिति २०८१/०३/१७ को निर्णयानुसार अनुरोध छ ।

०८१।३।१७

(रामप्रसाद ओली)
शाखा अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संगठन विकास शाखा

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ९८२

मिति:- २०८१/०३/१३
नेपाल संवत: ११४४ तछलागा ६ बिहिबार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
दर्ता नं.:- ८९२०
दर्ता मितिः- २०८१।३।१५

विषयः- <u>अस्थायी दरवन्दी सम्बन्धमा।</u>

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाहपथ, काठमाडौं ।

तहाँ मन्त्रालय र अन्तर्गत संचालन हुने आयोजना/परियोजनामा आ.व. २०८१/८२ को लागि आवश्यक पर्ने अस्थायी दरवन्दी सिर्जना गर्ने सम्वन्धमा "**अस्थायी संगठन संरचना दरबन्दी सिर्जना र जनशक्ति व्यवस्थापन निर्देशिका,२०६४**" को व्यवस्था वमोजिम यसै आर्थिक बर्षको असार मसान्तसम्म अनिवार्य रुपमा स्वीकृत गराउनु पर्ने भएकोले देहायका वुँदाहरु समेत समेटिने गरी प्रक्रिया अगाडी बढाउन हुन यस मन्त्रालयको मिति २०८१/०३/१२ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ। साथै, अस्थायी दरवन्दी सिफारिस समितिमा यस मन्त्रालयवाट तोकिनु भएका प्रतिनिधिहरु देहाय अनुसार रहने व्यहोरा समेत अनुरोध छ।

१. विकास आयोजनाको स्वीकृत वार्षिक लक्ष्य, कार्यक्रम तथा वजेट समेतलाई ध्यान दिई गर्नुपर्ने प्रत्येक क्रियाकलापको आधारमा आवश्यक दरवन्दीको संख्या र श्रेणी यकिन गर्ने ।
२. आयोजनाको गत आर्थिक वर्षको वित्तीय तथा भौतिक लक्ष्य र प्रगति विवरण खुलाउने ।
३. अस्थायी दरवन्दी प्रस्ताव गर्दा चालु आर्थिक वर्षको बजेटबाट स्रोतको सुनिश्चितता भएको हुनुपर्ने ।
४. चालु आर्थिक बर्ष भित्र सम्पन्न हुने आयोजनाहरुमा अस्थायी दरवन्दी प्रस्ताव गर्दा आयोजना सम्पन्न हुने मितिसम्मको लागि मात्र दरवन्दी प्रस्ताव गर्ने ।
५. कार्यवोझ र कार्यविश्लेषणका आधारमा प्रत्येक पदको कार्यविवरण तयार गर्ने ।
६. स्वीकृत अस्थायी दरवन्दी सिफारिश गर्दा सकेसम्म मौजुदा स्थायी दरवन्दीबाट कर्मचारी व्यवस्थापन गर्ने।
७. करार सेवाबाट कामकाज गराउनु पर्ने भएमा औचित्य पुष्ट्याँइका प्रष्ट आधार सहित खुलाउनु पर्ने ।
८. सम्बन्धित सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरुमा व्यवस्था भए अनुरुपको पदनाम प्रस्ताव गर्ने ।
९. कार्यान्वयनको अन्तिम चरणमा पुगेका आयोजना/परियोजनाहरुको कार्यबोझ विश्लेषण गरी साविकको अस्थाई दरबन्दीमा रहेका अनावश्यक पदहरु कटौति गरी अति आवश्यक पदहरु मात्र प्रस्ताव गर्ने ।
१०. सकेसम्म थप दरवन्दी प्रस्ताव नगर्ने। गर्नु पर्ने भएमा संचालित आयोजनाको साविकको कार्यक्षेत्र, हालको कार्यवोझ र बजेटमा भएको परिवर्तनको पुष्ट्याई सहित प्रतिवेदन तयार गर्ने ।

बासुदेव भट्टराई
शाखा अधिकृत

<u>प्रतिनिधिः-</u> उपसचिव, श्री रुपनारायण खतिवडा
शाखा अधिकृत, श्री सुदिप सापकोटा